म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१६ अङ्कः- ६३ २०८१ माघ ७ गते सोमबार 20 January 2025, Monday - पृष्ठ ४ मूल्य रू. ५/-




# अर्बौं रकम भुक्तानी नगरेपछि निर्माण व्यवसायीद्वारा चरणबद्ध आन्दोलन घोषणा



*मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाललाई ज्ञापनपत्र बुझाउनुहुँदै निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलसहित व्यवसायीको टोली ।*

समाज संवाददाता

हेटौँडाः सरकारले अर्बौं रुपैयाँ भुक्तानी नदिएको भन्दै निर्माण व्यवसायी महासंघले चरणबद्ध आन्दोलनको घोषणा गरेको छ । देशभर जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै निर्माण व्यवसायीले चरणबद्ध आन्दोलनको घोषणा गरेका हुन् ।

माघ ३ गतेदेखि ७ गतेसम्म महासंघले प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, विभिन्न राजनीतिक दलका अध्यक्ष, सम्बन्धित संघीय सरकारी निकाय, मुख्यमन्त्री र सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई माग पूरा गराउन माघ १५ गतेसम्मको अल्टिमेटमसहित ज्ञापनपत्र बुझाएको छ । यदि माग पूरा नभए माघ १८ गते राजधानीको माइतीघर मण्डलामा धर्ना, २० गते प्रधानमन्त्री निवास बालुवाटारमा धर्ना, २१ गतेदेखि राजधानी प्रवेश गर्ने पूर्व र पश्चिम नाकाहरु ठप्प पार्ने, तत्पश्चात् पनि माग पूरा नभए राष्ट्रिय गौरवका आयोजनासहित सबै खालका निर्माण कार्य ठप्प पारी आन्दोलनका सशक्त कार्यक्रम घोषणा गर्ने व्यवसायीले जनाएको छ ।

चरणबद्ध आन्दोलनका कार्यक्रम अन्तर्गत आइतबार निर्माण व्यवसायी महासंघ मकवानपुरले पनि जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई १४ बुँदे मागसहित ध्यानाकर्षण पत्र बुझाएको छ । सिमेन्ट लगायतका निर्माण सामग्रीमा भएको मूल्यवृद्धि एवम् कालोबजारी, सार्वजनिक खरिद नियमावली तेह्रौं संशोधनबाट सिर्जित म्याद थपको समस्या, राष्ट्र बैंकले ऋण लगायतमा दिएको सुविधा कटौतिबाट निर्माण उद्योगमा परेको असर, विभिन्न कारणले रुग्ण रहेका ठेक्काहरु सुविस्ताको आधारमा अन्त्य गर्नुपर्ने मागसहित ज्ञापनपत्र बुझाएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा (३) को खण्ड (ख) र उपदफा (८) बाट हुने कार्वाही खारेज, निर्माण उद्योगको समस्या समाधानका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली तत्काल खारेज पुनर्लेखन गर्नुपर्ने, निर्माण सामग्री, लो-बिडिङ निरुत्साहित गर्ने लगायत १४ बुँदे मागसहित प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालमार्फत प्रधानमन्त्रीलाई आइतबार ज्ञापनपत्र बुझाइएको छ ।

प्रमुख जिल्ला अधिकारी चिलुवालले ज्ञापनपत्र बुझ्नुहुँदै मकवानपुरमा सञ्चालित सिमेन्ट उद्योगलाई निर्माण सामग्रीमा भएको मुल्यवृद्धिको गुनासोपछि मुल्यको विवरण माग गरिएको जानकारी दिनुभयो । यस्तै उक्त मागलाई सम्बोधन गर्न सम्बन्धित निकायमा पत्राचार गरेर नेपाल सरकारलाई ध्यानाकर्षण गराउने प्रमुख जिल्ला अधिकारी चिलुवालले प्रतिबद्धता जनाउनुभयो ।

# भिरबाट लडेर पाखिनको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरमा भिरबाट लडेर एक महिलाको मृत्यु भएको छ । शनिबार साँझ ६ बजेर ५० मिनेटको समयमा मकवानपुरको भीमफेदी गाउँपालिका-३, घट्टेखोलाको भिरमा घाँस काट्ने क्रममा लडेर एक महिलाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा सोहि वडाको ईचुङ बस्ने ५३ वर्षीया चमेली माया पाखिन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । दिउँसो ४ बजेको समयमा घट्टेखोलाको भिरमा घाँस काट्ने क्रममा लडेर २ सय मिटर खस्दा घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक पाखिनको शव पोष्टमार्टमको लागि हेटौंडा अस्पतालमा राखिएको छ ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## बोलेरो गाडीमा गाँजा बरामद

# गाडी छाडेर भाग्नेलाई प्रहरीले पक्रन सकेन



*प्रहरीले नियन्त्रणमा लिएको लागूऔषध गाँजा र बोलेरो गाडी ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित बोलेरो गाडीलाई नियन्त्रणमा लिएको छ । बिहीबार बिहान ७ बजेको समयमा मकवानपुरको कैलाश गाउँपालिकाबाट मनहरी गाउँपालिकातर्फ आउँदै गरेको बा १० च ७७५८ नम्वरको बोलेरो गाडीबाट २ सय १२ किलोग्राम लागूऔषध गाँजा बरामद गरेको हो ।

ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले राक्सिराङ गाउँपालिका-५, चैनपूरमा बोलेरो पिक गाडीलाई नियन्त्रणमा लिएको हो । प्रहरीकाअनुसार बोलेरोमा सवार २ जना भने प्रहरीलाई देखेपछि गाडी छाडेर फरार भएका छन् । फरार भएका दुईजनालाई प्रहरीले पक्राउ गर्न सकेन । फरार भएका व्यक्तिको खोजी भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# एसईई अभ्यास परीक्षामा ५ जना विद्यार्थी अनुपस्थित



*हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा एसईई अभ्यास परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः संस्थागत विद्यालयमा आइतबारबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) अभ्यास परीक्षा सुरु भएको छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) को केन्द्रीय परीक्षा तालिकाअनुसार मकवानपुरसहित देशभरका संस्थागत विद्यालयमा अभ्यास परीक्षा सुरु भएको हो ।

पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षामा मकवानपुर जिल्लामा ५ जना अनुपस्थित भएका छन् । मकवानपुरका ३८ वटा संस्थागत विद्यालयका एक हजार ३ सय १३ जना विद्यार्थी अभ्यास परीक्षामा सहभागी हुनुपर्नेमा ५ जना अनुपस्थित भएको प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभयो । एसईई मापदण्डअनुसार सञ्चालन गरिने परीक्षामा बागमती प्रदेशमा एउटै प्रश्नपत्र रहेको सुवेदीले जानकारी दिनुभयो । मकवानपुरमा ९ वटा परीक्षा केन्द्र तोकिएको उहाँले बताउनुभयो । हेटौंडामा ६ वटा, थाहा नगरपालिकामा २ वटा र मनहरी गाउँपालिकामा एउटा परीक्षा केन्द्र तोकिएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो ।

हेटौंडा-२ स्थित बालजागृति सेकेन्डरी बोर्डिङ स्कूल, हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल बोर्डिङ स्कूल, हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन बोर्डिङ स्कूल, हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमी र हेटौंडा-९ स्थित श्रीकृष्ण आदर्श बोर्डिङ स्कूलमा परीक्षा केन्द्र तोकिएको छ । थाहा नगरपालिकामा ईअन बोर्डिङ स्कूल र पालुङ बहुमुखी क्याम्पसमा परीक्षा केन्द्र तोकिएको छ । यस्तै, मनहरीमा रेड एन्जल स्कूलमा परीक्षा केन्द्र तोकिएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो ।

राष्ट्रिय परीक्षा बोर्डले आगामी चैत ७ गतेबाट एसईई परीक्षा सुरु गर्ने गरी परीक्षा तालिका सार्वजनिक गरेसँगै एसईई अभ्यास परीक्षा सञ्चालन गरिएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । परीक्षा माघ १५ गतेसम्म सञ्चालन हुनेछ । एसईईका लागि विद्यार्थीको तयारी मूल्यांकन गर्न र एसईईमा उत्कृष्ट नतिजा ल्याउने उद्देश्यले देशभर एसईई अभ्यास परीक्षा सुरु गरिएको उहाँको भनाइ छ ।



सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# अलपत्र शीतभण्डार

संघीय शासन व्यवस्था कार्यान्वयनपछि देशको आर्थिक, सामाजिक विकास हुन्छ भन्ने आशा क्रमशः निराशामा बदलिँदैछ । संघीयताको उपहार मानिएको प्रदेश सरकारले सुरुवातका दिनमा उत्कृष्ट नीति तथा कार्यक्रम ल्याएको भए पनि सबैजसो निरर्थक बनेका छन् । बागमती प्रदेश सरकारले घोषणा गरेका र कार्यान्वयनमा ल्याएका थुप्रै नीति तथा कार्यक्रम असफल बनेका छन् । प्रदेश चक्रपथ निर्माण, विद्युतीय बस सञ्चालन, भीमफेदी-कुलेखानी सुरुङ निर्माणजस्ता आयोजना सुरु नै हुन सकेका छैनन् । विभिन्न जिल्लामा हिल स्टेशन विकास गर्ने र प्रत्येक स्थानीय तहमा शान्तिपार्क बनाउने योजनासमेत प्रभावकारी बनेका छैनन् । १० वर्षभित्र प्रदेशका मुख्य शहरमा पेट्रोलियम पदार्थबाट चल्ने सवारी विस्थापन गर्ने नीतिको प्रगति बेखबर छ । पशु बधशाला निर्माण, कृषि बालीमा विषादी नियन्त्रणजस्ता कार्यक्रम र योजना पनि अलपत्रै छ । ३ वर्षभित्र माछामासु, अण्डा, दूध, फलफूल, तरकारीमा र ५ वर्षभित्र खाद्यान्नमा प्रदेशलाई आत्मनिर्भर बनाउने लक्ष्य कहिले हासिल हुने हो पत्तो छैन ।

विभिन्न कृषि उत्पादन वृद्धि गरी प्रदेशलाई आत्मनिर्भर बनाउन कृषि उत्पादनको सुरक्षित भण्डारण र बजारीकरणमा सहयोग पुर्‍याउने उद्देश्यले कार्यान्वयनमा ल्याएको शीतभण्डार निर्माणका कार्यक्रमहरु पनि अलपत्रजस्तै बनेका छन् । प्रदेशको ९ जिल्लाका १२ स्थानमा शीतभण्डार निर्माणका लागि २०७६ सालमा ३ चरणमा ठेक्का सम्झौता भयो । एक वर्षभित्र निर्माण गर्ने सम्झौता रहेको शीतभण्डार ५ वर्षसम्म पनि निर्माण भएर सञ्चालनमा आउन सकेका छैनन् । स्थानीय तह, सहकारी संस्था तथा निजी क्षेत्रको समेत लागत सहभागितामा निर्माण गर्नेगरी सम्झौता भएका १२ शीतभण्डार मध्ये ६ शीतभण्डार निर्माण सम्पन्न भएर पनि प्रयोगविहीन छन् भने ४ वटा निर्माणको अन्तिम चरणमा रहेका छन् । २ वटा शीतभण्डार भने अझै निर्माण सुरु हुन सकेको छैन । एक अर्ब ५ करोड रुपैयाँमा ठेक्का सम्झौता भएका शीतभण्डार लामो समयसम्म पनि निर्माण सम्पन्न नहुँदा र निर्माण भएका शीतभण्डारसमेत सञ्चालनमा ल्याउन नसक्दा प्रदेश सरकार चुपचाप बसिरहेको छ ।

सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-७, इन्द्रावती गाउँपालिका-७, दोलखाको जिरी नगरपालिका-५, रामेछापको मन्थली नगरपालिका-१ र सिन्धुलीको सुनकोशी गाउँपालिका-५ को शीतभण्डारहरु पूर्वाधार निर्माणसहित सबै काम सम्पन्न भएका छन् । ५ सय मेट्रिक टन क्षमताका यी शीतभण्डार प्रयोगमा आउन सकेका छैनन् । यी सबै शीतभण्डार २०८० सालको जेठदेखि भदौसम्म निर्माण सम्पन्न भएका थिए । ३ सय मेट्रिक टन क्षमताको रसुवाको कालिका गाउँपालिका-२ को शीतभण्डार निर्माण २०७८ फागुनमा नै सम्पन्न भएको थियो । चितवनको खैरहनी नगरपालिका-९ र धादिङको बेनीघाट रोराङ गाउँपालिका-७ मा एक हजार ५ सय मेट्रिक टन क्षमताका २ शीतभण्डारको निर्माण पूरा भएको छैन । उक्त शीतभण्डार २०७७ माघमै निर्माण सम्पन्न गर्ने गरी झण्डै २६ करोड रुपैयाँमा सम्झौता भएको थियो । दोलखाको भीमेश्वर र काभ्रेको बनेपामा निर्माण गर्ने भनिएको शीतभण्डारका लागि जग्गा छनोटमै समस्या भएकाले काम सुरु हुनै नसकेको हो ।

किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको उचित भण्डारण सुविधा नहुँदा सस्तोमा बेच्नुपर्ने वा कुहाएर फाल्नुपर्ने बाध्यता छ । कृषि उत्पादन तथा बिउविजन लामो समयसम्म भण्डारण सुविधा दिने उद्देश्यले शीतभण्डार निर्माण सुरु गरिएको हो । किसानको आयस्तर वृद्धि गर्न र कृषिजन्य वस्तुको आयात कम गर्न शीतभण्डार प्रभावकारी हुन्छ । प्रदेश सरकारले निर्माण गरेका शीतभण्डारहरु सञ्चालनमा ल्याउन कठिन रहेको प्रदेश सरकारकै सचिवले बताएका छन् । एकै प्रकृतिको काममा प्रदेश सरकारले फरक-फरक रणनीतिमा रकम भुक्तानी गरेपछि त्यसको हस्तान्तरणमा चुनौती बनेको बताइएको छ । हस्तान्तरण, अनुगमन तथा सञ्चालनको मोडालिटीबारे अझै अन्योलता रहेका कारण एक अर्बभन्दा बढी लगानीका शीतभण्डारहरु अलपत्र परिरहेका छन् । बागमती प्रदेश सरकारले हेटौंडामै निर्माण गरेको पाउडर दूध उत्पादन उद्योगकै हविगत शीतभण्डारहरुको पनि हुने आशंका बढाएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : विवेकले काममा अगाडि बढ्दा राम्रो रहने समय छ ।
**वृष** : कामप्रति लम्किने योग रहेको देखिन्छ ।
**मिथुन** : आफन्तको सरसहयोगले काममा पूर्णता प्राप्त हुनेछ ।
**कर्कट** : काम समयमा नसकिनाले चिन्ता बढ्ला ।
**सिंह** : सभा समारोहमा सरिक भइने समय छ ।
**कन्या** : व्यापार-व्यवसाय मध्यम कारक रहनेछ ।
**तुला** : धार्मिक यात्रा र परोपकारमा समय बित्ला ।
**वृश्चिक** : गलत व्यक्तिबाट बच्दा बचाउँदा राम्रो रहन्छ ।
**धनु** : आँटे, ताकेका कामहरु पूर्ण हुने समय छ ।
**मकर** : दूराशा र महत्वाकांक्षालाई त्याग गर्दा राम्रो ।
**कुम्भ** : मनमिल्नेसँग भेटघाट रहने समय योग छ ।
**मीन** : व्यापार-व्यवसाय ठिकै रहने समय योग छ ।

# निशुल्क शिक्षाको सवाल



✍ रमेश प्रसाद लामिछाने

१. गाँस, बास र कपास यी तीन कुरालाई मानव जीवनका आधारभूत आवश्यकताका वस्तुहरु भनिएको धेरै वर्ष भयो । पछिल्ला दशकहरुमा मानवीय स्वास्थ्य र शिक्षालाई पनि आधारभूत आवश्यकताका वस्तुहरु भनी समावेश गरियो । यी कुराहरु स्वभाविक हुन् । आधुनिक कालमा एउटा मान्छेलाई मान्छेकै रुप र स्तरमा बाँच्नका लागि सन् १९४३ मा अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोले मानव मनोविज्ञानको सिद्धान्त अन्तर्गत ५ प्रकारका आवश्यकता जरुरी पर्छ भनेका छन् । मास्लोका अनुसार पहिलोमा शारीरिक अर्थात बाँच्नका लागि नभई नहुने आवश्यकताका वस्तुहरु हावा, पानी, खानेकुराहरु, निद्रा, बासस्थान समेत पर्दछन् भने दोश्रोमा जीवन सुरक्षा र संरक्षणका वस्तुहरु जस्तै स्वास्थ्य, शिक्षा, रोजगार आदि रहेका छन् । तेश्रोमा सामाजिक सम्बन्ध माया, सम्बन्ध, नाता, मित्रता जरुरी मानिएको छ । त्यसपछि चौथोमा आत्मसम्मानसँग जोडिएका वस्तुहरु पहिचानका सवालहरुसँगै अस्तित्वका मुद्दाहरु समावेश गरिएका छन् भने पाँचौं अर्थात अन्तमा मास्लोले यी चार कुराहरु भएपछि व्यक्तिको प्रगति, उन्नति अर्थात् उन्नयन र समग्र विकास, वृद्धिसँग जोडिएका तमाम पक्षहरुको आवश्यकताका बारेमा उल्लेख गरेका छन् ।

२. जनताप्रतिको उत्तरदायित्व र सरकारी जिम्मेवारी महसुस गरेर नै आधुनिक कालमा विश्वका अधिकांश मुलुकमा स्वास्थ्य र शिक्षालाई राज्यले उच्च प्राथमिकतामा राखेको पाईन्छ । सर्वसुलभ र सहज सेवा उपलब्ध गराएर सरकारले नागरिक समाजमा प्रत्यक्ष उपस्थितिका लागि निशुल्क शिक्षाको अवधारणा प्रस्तुत गरेका हुन् । उदाहरणका लागि छिमेकी मुलुकहरु चीन, भारत, भुटान, बंगलादेशका राज्य पिच्छे भिन्न व्यवस्थाका अतिरिक्त फिनल्याण्ड, जापान, अमेरिका, बेलायत, डेनमार्क, नर्वे, जर्मनी, स्विडेन, ब्राजिल आदि मुलुकहरुलाई लिन सकिन्छ । प्राथमिक तहदेखि विश्वविद्यालयस्तरसम्मका शिक्षा निशुल्क गर्ने यी मुलुकहरुका अतिरिक्त अरु राष्ट्रहरुमा समेत विद्यार्थीका तर्फबाट कुनै पनि बहानामा रकम लिने गरिएको पाइँदैन । निशुल्क शिक्षासँग शैक्षिक सामग्रीहरु, युनिफर्म, दिवा खाजा, यातायात, लगायतका कुराहरु समेत राज्यका तर्फबाट व्यहोरिने गरेको पाईन्छ । दुनियाँका अधिकांश मुलुकमा आधारभूत तहको शिक्षा निशुल्क गरिएको र माध्यमिकस्तरसम्मको शिक्षा निशुल्क गर्ने राष्ट्रहरुको संख्या धेरै भएको तथ्य जगजाहेर छ । सरकारको तर्फबाट कुल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षामा लगानी गरी स्तरीय शिक्षा प्रदान गरिरहेका राष्ट्रहरुबाट हामीले सिक्नै पर्दछ ।

३. यसै पृष्ठभूमिमा वर्तमान नेपालको संविधान-२०७२ को भाग-३ मा व्यवस्था भएको मौलिक हक र कर्तव्य अन्तर्गत धारा-३१ मा शिक्षा सम्बन्धी हक उल्लेख गरिएको छ । यस धाराको दफा-१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ र दफा-२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशूल्क पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । यो व्यवस्थालाई शिक्षामा सकारात्मक मानिएको छ । कुरा र नियम कागजमा मात्र सीमित भएको व्यवहारमा शिक्षा निशुल्क नभएको भनी व्यापक आलोचना भइरहेको सन्दर्भमा विद्यालय शिक्षा ऐन नयाँ आउँदै गर्दा यो निशुल्क शिक्षाको शिर्षकले पनि व्यापक चर्चा बोकेको छ । संविधानमै माध्यमिक तहसम्मको शिक्षा निशूल्क हुने व्यवस्थाले समग्र शिक्षा जगत तरङ्गित हुनु अन्यथा होईन । संविधान कार्यान्वयनको एक दशक बित्दा पनि संविधानमा उल्लेखित निशुल्क शिक्षाको हकमा भने यो व्यवहारमा लागु हुन नसकेको टिप्पणी शिक्षा सरोकार वालबाटै आइरहेको छ । संस्थागत विद्यालयहरुले सशूल्क शिक्षा प्रदान गर्नु अन्यथा होईन, त्यो त उनीहरुको व्यावसायिक धर्म नै हो भन्न सकिन्छ ।

४. सरकारी अर्थात सामुदायिक विद्यालयहरुले शुल्क लिने कुराले अधिक चर्चा पाएको छ । संविधानले नै निशुल्क शिक्षा भनेपछि शूल्क लिन पाइँदैन भन्नेहरुले विद्यालयमा जाने सरकारी अनुदानका बारेमा पनि विश्लेषण गर्नै पर्छ । भौतिक सामग्रीहरु अन्तर्गत पर्ने विद्यालय भवन, फर्निचर, पिउने पानी, शौचालय, खेलमैदान, कम्पाउण्डका लागि सरकारी अनुदान पर्याप्त भएको एउटा मात्र पनि विद्यालय छैन । त्यस्तै सरकारी दरबन्दी बाहेकका शिक्षकहरु व्यवस्था गर्नुपर्ने विद्यालयहरुको संख्या पनि कम छैन । विद्यालय कर्मचारीहरुको व्यवस्था पनि सरकारले गर्न सकेको छैन । आजको प्रविधियुक्त शिक्षाको युगमा विद्यालयमा कम्प्युटर ल्याबको स्थापना र त्यसको स्थायित्वका बारेमा पनि सरकारी संयन्त्र जिम्मेवार छैन । विद्यालय भवन बनेर मात्र भएन, अब रंगरोगन अर्को समस्या बनेको छ । अति मसिना कुराहरु जुन नभई नहुने वस्तुहरु जस्तै कुचा, साबुन, रुमाल, डस्टर, मार्कर, तार, स्विच, विद्यूत महसुल, पानी महसुल, जस्ता खर्चहरुको एकमुष्ठ रकम महँगीको कारणले ठूलो आकार बन्दा पत्याउन कठिन देखिन्छ । यसरी वास्तविकता र भनाईमा व्यापक अन्तर पाईन्छ । विद्यार्थीका नाममा शिक्षण शुल्क, भर्ना शुल्क, परीक्षा शुल्क, शैक्षिक सामग्री र अन्य दर्जनौं नामका विभिन्न शिर्षकहरुमा शुल्क लिएर नै सामुदायिक विद्यालयहरु संचालनमा छन् ।

५. पछिल्ला वर्षहरुमा सरकारी स्कूलहरुले पनि पूर्व प्राथमिक तहका प्ले ग्रुप, नर्सरी, केजीका कक्षाहरुसहित अंग्रेजी माध्यममा कक्षाहरु संचालन गरी सो वापतमा अतिरिक्त शूल्क लिएको जगजाहेर छ । यो कारणले नीजि विद्यालयमा विद्यार्थी घट्न थालेपछि संस्थागत स्कुलहरुका तर्फबाट कानून नियमका पालना नगरेको भन्दै अदालत र अख्तियार गुहारेको प्रशस्त उदाहरण पाइएका छन् । अनावश्यक झमेला र मुद्दामामिलामा शिक्षण संस्थाहरुलाई अल्झाएर शिक्षामा थप समस्या श्रृजना गर्नु राम्रो होईन । दुर्नियत बोकेका, दोषी र भ्रष्टहरुको संरक्षण गर्ने अनि इमान्दारहरु र सदाचारीले पीडा पाउने संस्कारको अन्त्य आजको जरुरी पक्ष हो । सरकारी दरबन्दिका शिक्षकहरु अर्थात शिक्षक सेवा आयोगको सिफारिसमा आएका शिक्षकहरुबाट अंग्रेजी माध्यमका कक्षाहरु सम्भव नदेखिएको भन्दै नीजि श्रोतमा विद्यालयको अनुकूलका शिक्षकहरु राख्दा स्वभाविक व्ययभार पर्नेमा बिमति छैन नै । नीजि विद्यालयहरुको प्रतिस्पर्धामा जाँदा सामुदायिक विद्यालयहरुले नीजिका झैं आकर्षक खेल सामग्रीहरु, शैक्षिक सामग्रीहरु र समग्र वातावरण नै विद्यार्थीमैत्री बनाउने काममा ठूलै रकम खर्चिनु परेको हामीले सुनेका छौं । यो यथार्थ अवस्थाको गम्भीर विश्लेषण आजको आवश्यकता हो ।

६. अन्तमा, संविधानको सम्मान गर्दै माध्यमिक तहसम्मको शिक्षा निशुल्क गरिनु पर्छ भन्ने आवाज सामयिक र सान्दर्भिक भन्नै पर्दछ । निशूल्क शिक्षाको नारा सस्तो लोकप्रियताका लागि प्रचारित होईन । सतहबाट मात्र हेर्ने होईन, पिँधसम्म पुगेर समग्र अवस्थाको ठोस विश्लेषण गरिनु पर्दछ । एकातिर हामी जोडपूर्वक स्तरीय शिक्षाका सवाल उठाइरहेका छौं । अर्कोतर्फ, सरकारी भनिएका विद्यालयहरुमा आवश्यक जनशक्ति र सुदृढ भौतिक अवस्था अनि पर्याप्त शैक्षिक सामग्रीका लागि अनुदान उपलब्ध गराउने काम कागजमा मात्र सीमित भएको बास्तविकता छर्लङ्गै देख्न सकिन्छ । सरकारी दरबन्दिका शिक्षकलाई मासिक तलब, भत्ता उपलब्ध गराउन शिक्षा मन्त्रिले बारम्बार निर्देशन दिनुपर्ने मुलुकमा निशुल्क शिक्षाको सार्थकता धेरै टाढा छ भन्दा अत्युक्ति नहोला । सरकारी स्कूलले नीजिसँग प्रतिस्पर्धा गर्ने अवस्थालाई नजरअन्दाज गर्न मिल्दैन । विद्यालयहरुको वैज्ञानिक नक्शाङ्कन, मर्ज, शिक्षक-कर्मचारी दरबन्दी मिलान, भौतिक अवस्थाको सुदृढीकरण र आवश्यक सान्दर्भिक शैक्षिक सामग्रीहरुको व्यवस्थाको सुनिश्चिततासहित निशुल्क शिक्षाको कार्यान्वयनबाट मात्र संविधानको सम्मान हुन सक्छ । यसका लागि आवधिक शर्तहरुसहित विद्यालय शिक्षालाई सरकारी, सामुदायिक, संस्थागत र नीजि गरी ४ प्रकारमा विभाजन गर्नु सान्दर्भिक र वैज्ञानिक देखिन्छ । यी चार प्रकार मध्ये पहिलो सरकारी विद्यालय भने पूर्णनिशूल्क गर्नै पर्दछ । सामुदायिकमा भने सरकारले आंशिक लगानी गर्ने प्रावधानको कानूनी व्यवस्थासहित सहकारी अन्तर्गत हुनु पर्दछ । बाँकी दुई प्रकारहरु गैरसरकारी संस्थाहरु र नीजि व्यक्तिहरुको लगानीमा संचालन हुन सक्छन् । अबको विद्यालय शिक्षा ऐनमा निशुल्क शिक्षा बारेमा सरकारको स्पष्ट र ठोस दृष्टिकोणसहित किटानी व्यवस्था आउने छ भन्ने अपेक्षा गरिएको छ ।

# मगन्ते



✍ जनकमान डङ्गोल

मगन्ते भन्नाले आफ्नो जीवन धान्न वा बाँच्नका लागि दैलो-दैलोमा चाहार्दै याचनाको साथ भिख मागेर गुजारा चलाउने व्यक्तिलाई भनिन्छ । मगन्तेको कुनै घर वा बासस्थान हुँदैन । साथै मगन्तेको कुनै जात पहिचान पनि हुँदैन । मोटामोटीरुपमा यिनै हुन् हजुर मगन्तेको परिभाषा ।

हाम्रो नेपालमा प्रजातन्त्रदेखि गणतन्त्रसम्म आइपुग्दा छुट्टै किसिमको मगन्ते देखिन थालेको छ । बासस्थान छैन भनौं भने महलमा बस्छन् । महलमा बस्नेले खाने भनेको चौरासी व्यञ्जन हो भने लगाउने पोसाकको त के कुरा गराई भो । महलमा बसिसकेपछि पाउकस्ट गर्ने कुरा पनि भएन । अग्रगामी छलांग मारेर आएका यस्ता आधुनिक विकासे मगन्तेलाई नेपालको जनताले राजनीतिक पार्टीको नेता र तिनका लठैतलाई चै कार्यकर्ता भनेर चिन्ने र जान्ने गरेका छन् ।

यी राजनीतिक मगन्तेहरु पनि वडो अजिव-अजिव किसिमका हुन्छन् । यिनीहरुको माग्ने तौरतरिका छुट्टै हुन्छ । चुनाव आओस् वा पार्टीको कार्यक्रमदेखि मजदुर दिवसको दिनमा पहिलो चरणमा प्रेमीले प्रेमिकालाई पठाउने प्रेमपत्रजस्तै गरी पार्टीको निला, राता, हरिया पहेँला आदि इत्यादि रंगको कागजमा कम्प्युटरे टाइपदेखि हस्तलिखित चिट्ठी-पत्र प्रदान गरिन्छ । पेटबोलीमा लेखेका हुन्छन् 'देश र जनताको परिवर्तनका लागि यहाँको तर्फबाट सानो सहयोगको अपेक्षा गरेका छौं ।' त्यो सानो भनिएको सहयोग रकम करोडदेखि हजारसम्मका हुन्छन् ।

दोश्रो चरणमा आदेशको पालना किन भएन भनेर तर-ताकेता गरिन्छ । 'जिउ रहे पो खान पाइन्छ घ्यु' भन्दै पैसोवाल दाताले हजुरको हुकुम सर आँखो पर माइबाप । हजुर श्रीमान्को जो निगाहा । गरिबको दैलामा सहयोग लिन सवारी होस् भनेर खबर पठाउँछन् । साँच्चिकै मगन्ते पाउकस्ट गर्छन् भने राजनीतिक मगन्ते विदेशमा बनेको प्राडोदेखि घटिमा छिमेकमा बनेको बोलेरोको यात्रा गरेर भिख थाप्न जान्छन् ।

यस्तैगरी भिख बटुलेर हिजोका ति मगन्तेहरू आजको दिनसम्ममा आइपुग्दा घटीमा पनि बायुपंखी घोडा चढ्ने भै सकेका छन् । हिजो पञ्चेती शासनमा सुकेनासले भेट्टाको त्यो ज्यानमा अहिले कास्मिरी बासमतीको भुजा (भात) भन्दा अरु घाँटीबाट छिर्न छोडिसकेको छ । हाच्छ्यु मात्र आयो भने पनि लौ स्वास्थ्य गडबडी भो भनेर ताल परेको खण्डमा जनताको करको पैसालाई सत्यानास पार्दै आकासे एम्बुलेन्स बोलाएर उपचारको नाउँमा हनुमाने फौज लिएर जान बेर लाम्दैनन् ।

चिनी धेरै खायो भने तितो हुन्छ । एकैनासको कार्य गर्दा बोरिंग फिल हुन्छ रे भनेर आजकल भिख माग्ने नयाँ तरिकाको आविस्कार गरिएको छ । जसरी सरकारले ठेक्दारको वा उद्योगपतिको काम र दामको आधारमा विदेशीको भाखा भन्ने क्याटेगरी नामको वर्गीकरण गरेको हुन्छ त्यस्तै गरी राजनीतिक मगन्तेहरूले पनि क, ख, ग, घ गरेर चन्दा नामको भिखको वर्गीकरण गरेका छन् । अब कुन-कुन दाता कुन-कुन श्रेणीमा पर्छन् त्यो भन्न परोइन ।

व्यापार-व्यवसाय गर्नेलाई व्यापारी भन्छन र यी व्यापारीको मनमा हरि हुन्न । जहाँबाट जताबाट सुकर्म होस् वा कुकर्म गरेर भए पनि पैसो कमिनु पर्‍यो । हातमा कचौरा लिएर दैला आउनेदेखि लिएर प्राडो, पजेरो र बोलेरो लिएर आउनेसम्मलाई यिनीहरुले असर्फी बर्साउने गर्छन् ।

तर, प्रजातन्त्रदेखि गणतन्त्रसम्म आइपुग्दा व्यापारीहरु पनि धेरै परिवर्तन भइसकेका छन् । हिजो राणादेखि पञ्चायती शासनको पालामा दैलोमा उभिने कचौरा हल्लौनेलाई आना, सुका मोहोर दिन्थे । व्यापार गरेर मनग्गे कमाउँथे । आफ्ना कामदारलाई खुसी पार्न कुस्त बोनस दिन्थे । कमाएको मुनाफाले पाटि पौवा, चौतारी, धर्मशाला, औषधालय, धार्मिकदेखि सामाजिक कार्यमा समेत उत्तिकै दत्तचित्तले लागेर खर्च गर्थे ।

अहिले त्यस्तो छैन । कर्मचारीलाई बाँड्ने बोनसदेखि लिएर धार्मिक तथा सामाजिक कार्यमा खर्चिने ति मुनाफाको पैसो राजनीतिक मगन्तेहरुलाई दान गर्छन् । उखान त्यसै जन्मिँदैन । 'गाई मारेर गधा पोस्ने' भन्ने उखान यस्तै भएर जन्मेको होला ।

# उपत्यकामा चोरी भएको मोटरसाइकल हेटौंडामा भेटियो



समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले चोरी भएको २ वटा मोटरसाइकल हेटौंडाबाट फेला पारेको छ । विभिन्न मिति तथा स्थानबाट हराएको तथा चोरी भएको मोटरसाइकल हेटौंडाबाट फेला पारेर प्रहरीले मोटरसाइकल धनीलाई आइतबार फिर्ता गरेको हो ।

भदौ २९ गते ललितपुर महानगर पालिका-१५, सातदोबाटोमा पार्किङ गरी राखेको पूर्णबहादुर तामाङको बा.प्र. ०२-०२७ प ३८८३ नम्बरका केटीएम ड्युक मोटरसाइकल र मंसिर ३० गते काठमाडौं महानगरपालिका-१४, कलङ्कीमा पार्किङ गरेको अवस्थामा बा.प्र.०२-०१७ प ९६०५ नम्बरको २०० सिसीको रिजन खड्गीको एनएस पल्सर मोटरसाइकल चोरी भएको हो । तामाङको चोरी भएको मोटरसाइकल हेटौंडा उपमहानगरपालिका-८, किरानचोक सडकबाट प्रहरीले फेला पारेको थियो । शरदकुमार श्रेष्ठले नम्बर प्लेट परिवर्तन गरी प्र.२-०३-०१२ प ६२६८ नम्बर बनाएको प्रहरीले जानकारी दिएको छ ।

खड्गीको चोरी भएको मोटरसाइकल खोजतलास गर्ने क्रममा हेटौंडा-१०, बसपार्कबाट प्रहरीले फेला पारेको थियो । उक्त मोटराइकल पनि बिन मिजारले नम्बर प्लेट परिवर्तन गरी बा.प्र.०२-०२८ प ९३७१ नम्बरको बनाएर चलाएको अवस्थामा फेला परेको प्रहरी नायब उपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले बताउनुभएको छ । उहाँका अनुसार दुबै प्रतिवादीमाथि चोरीसम्बन्धी कसुरमा मुद्दा दायरा गरी मोटरसाइकल सम्बन्धित व्यक्तिलाई बुझाइएको छ ।

रेडियो निकास ९३.४
The Voice of Community
सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# बाहिरी उत्पादनले कृषिमा लगानी गर्न चुनौती

समाज संवाददाता

हेटौंडाः कृषि क्षेत्रमा बाहिरी उत्पादनका कारण लगानी गर्न किसानलाई चुनौती भएको छ । हेटौंडा उपमहानगर पालिकाका कृषि अधिकृत प्रदीप रेग्मीले बाहिरका कृषकको उत्पादन लागतभन्दा हेटौंडाका कृषकको उत्पादन लागत बढी देखिएकाले कृषिमा लगानी गर्न चुनौती देखिएको बताउनुभएको हो ।

उपमहानगपालिकाका कृषकको लगानी बढी भएकाले मौसमी तरकारीमा प्रतिस्पर्धा गर्न कठिनाई हुँदा कृषकले ठूलो क्षेति व्यहोर्नु परेको उहाँले जानकारी दिनुभयो । अधिकृत रेग्मीका अनुसार मौसमी तरकारीमा प्रतिस्पर्धा बढी हुँदा स्थानीय कृषकले लागत मूल्य पनि पाउन नसकेको उहाँको भनाइ छ । यस्तो अवस्थाका कारण कृषि क्षेत्रमा लगानी, बजारीकरण, भण्डारण, भौतिक पूर्वाधार विकासका क्षेत्रमा नैराश्यता दखा परेको कृषि अधिकृत रेग्मीले बताउनुभयो ।

दुई हप्ता अगाडि हेटौंडा उपमहानगरपालिकाले कृषि एम्बुलेन्स खरिद गरेको उहाँले जानकारी दिनुभयो । एम्बुलेन्स सञ्चालनका लागि कर्मचारी आवश्यक पर्ने भएकाले कृषक समूहलाई जिम्मा दिएको उहाँले बताउनुभयो । कृषि एम्बुलेन्समा मासिक लागतको विवरण आएपछि पालिकास्तरीय एम्बुलेन्स समितिले भाडा दर निर्धारण रेग्मीले जानकारी दिनुभयो ।

बागमती प्रदेशको कृषि मन्त्रालयले वडा तोकेर प्रत्येक वडामा फरक-फरक शीर्षकमा बजेट विनियोजन गरेको भए पनि कार्यबिधि एकमुष्ट हुँदा कार्यान्वयनमा समस्या आएको उहाँको भनाइ छ । प्रदेश सरकारले सिंचाई, शीतभण्डार आदि भौतिक पूर्वाधार निर्माण नगरी कृषक अनुदान दिँदा कृषि क्षेत्रमा दीर्घकालीन विकास हुन नसकेको रेग्मीले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिका र प्रदेश सरकारको सझेदारीमा निर्माणाधीन कृषि थोक बजारको भवनमा गरिबी निवारण मन्त्रालय राखिएको छ । प्रदेश सरकारले सो भवन हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण नगर्दा कृषि क्षेत्रमा प्रत्यक्ष असर परेको कृषि अधिकृत रेग्मीले बताउनुभयो ।

# एकैदिन २ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः रामेछाप जिल्लामा एकैदिन २ जना मृत फेला परेका छन् । शनिबार भिरबाट लडेर एक महिला र पोखरीमा डुबेर एक पुरुष मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

रामेछाप जिल्लाको गोकुलगङ्गा गाउँपालिका-४, बेतालीमा भिरबाट लडेर एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ३३ वर्षीया सरिता नेपाली रहेको प्रहरीले जानकारी दिएको छ । शुक्रबार दिउँसो ४ बजेको समयमा सरिता रामेछाप गोकुलगङ्गा गाउँपालिका-५, नामाडी गएकी थिईन् । शनिबार बिहान ११ बजेको समयमा नेपाली भिरबाट ६ सय मिटर तल खोल्सामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । यस्तै, रामेछापको रामेछाप नगरपालिका-८, धारापानीमा पोखरीमा डुबेर एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा बाबियोखर्कका ६२ वर्षीय रामकृष्ण बुढाथोकी रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार दिउँसो १ बजेर २० मिनेटको समयमा पोखरीमा डुबेर बुढाथोकी मृत अवस्थामा फेला परेका थिए ।



## शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०७ गते*

यस विद्यालयको माध्यमिक तहमा गणित विषय अध्यापन गराउन मावि तृतीय प्रदेश अनुदान (करार) मा १ जना शिक्षकको आवश्यकता परेकोले तपशिल अनुसारको इच्छुक, योग्य नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन मित्र दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं. :- ०२/०८१/८२**

पदः मावि शिक्षक
संख्या :- १
तह :- मावि तृतीय (करार) (प्रदेश अनुदान)
उमेर :- १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको
शैक्षिक योग्यता :- मुख्य विषय गणित लिई शिक्षाशास्त्र संकायमा स्नातक उत्तीर्ण वा सो सरह
तलब भत्ता :- नेपाल सरकारको नियमानुसार ।
दरखास्त दस्तुर :- रु २०००/-
(विद्यालयको नाममा रहेको नविल बैंक लि.को चल्ती खाता नं. २२१०१०१७५००२३६ मा दरखास्त दस्तुरवापतको रकम जम्मा गर्नुपर्ने छ ।)
परीक्षाको किसिम :- लिखित, अन्तवार्ता तथा आवश्यक परेमा कक्षा अवलोकन ।
दरखास्त दिने अन्तिम मिति :- २०८१/१०/२२ गते विद्यालय समयसम्म ।
सम्पर्क मिति :- २०८१/१०/२३ गते
परीक्षा मिति सम्पर्क मितिका दिन तोकिने छ ।
दरखास्त दिने स्थान :- श्री बंशगोपाल मावि, मकवानपुरगढी-२, कुर्लेदमार
Email: shreebanshagopals@gmail.com
नोट : माथिल्लो योग्यता भएकालाई प्राथमिकता दिइनेछ ।

**आवश्यक कागजातहरु**

१) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि थान २
२) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि थान २
३) चारित्रिक प्रमाणपत्र प्रतिलिपि थान २
४) शिक्षण अध्यापन अनुमतिपत्र थान २
५) अन्य तालिम र अनुभव भए सो को समेत प्रतिलिपि थान २
६) हस्तलिखित निवेदन थान १
७) निरोगिताको प्रमाणपत्र थान २
८) रकम जम्मा गरेको भौचर थान १

**सम्पर्क**
९८६४१७७१६० (प्रध्यानध्यापक)
९८४१६६२८९१ (वि.व्य.स. अध्यक्ष)

**प्रधानाध्यापक**
**वशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
मकवानपुरगढी-२, कुर्लेदमार


# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2



*वृहत साँस्कृतिक तथा सम्मान कार्यक्रममा सम्मानित शिक्षकहरु ।*




*वृहत साँस्कृतिक तथा सम्मान कार्यक्रममा शैक्षिक प्रदर्शनीमा सहभागी विद्यार्थी र शिक्षक ।*

## गणेशमान सिंह नेपालका गणितका अग्रदूत



वेदाङ्ग सुवेदी

गणेशमान सिंह (वि. सं. १९८६-२०४६) नेपालका प्रसिद्ध गणितज्ञ र शिक्षाविद् हुन् । उनले नेपालको शिक्षा क्षेत्रको विकास र आधुनिक गणितीय अवधारणाको प्रवर्द्धनमा आफ्नो जीवन समर्पित गरे । सीमित स्रोत, साधन र राजनीतिक अस्थिरताको सामना गर्दै पनि उनले शैक्षिक प्रणाली सुधार गर्न निरन्तर मिहिनेत गरे । आगामी पुस्ताले गुणस्तरीय शिक्षा पाउन सकुन् भनेर उनले आफ्नो व्यक्तिगत सुविधाहरुको बलिदान दिए ।

उनको प्रयासले गणितलाई सजिलो र पहुँचयोग्य बनायो । धेरै विद्यार्थीलाई प्रेरित गऱ्यो । सिंहको योगदान नेपालको शैक्षिक प्रगतिमा एक कोसेढुङ्गा बनेको छ । जसले उनलाई समर्पण र बौद्धिक उत्कृष्टताको प्रतीक बनाएको छ ।

## नेपालको स्थिति



सभ्यता कुँवर

खै किन हो युवा बस्न छाडे देशमा
नेपाल फर्कंदै आउँछन् विदेशीको भेषमा

युक्रेन ध्वस्त भयो रुसको कारणले
नेपाल ध्वस्त भयो घुसको कारणले

किन हो नेताहरु यस्तो निर्दयी भएको
त्यसैले होला सबैले देश छाडी विदेश गएको

व्यापारमा पनि सबै घाटा नै घाटा छ
यही कारणले नेपाल ध्वस्त हुन आँट्या छ

आजभोलि त झन् महङ्गीले आकाश छोइसक्यो
त्यसैले नेपालको आर्थिक अवस्था पनि कमजोर भइसक्यो

यही स्थिति भइराखे नेपालको अवस्था के होला
नेताहरुको यही चाल हो भने नेपाली भूमि अवश्य रोला

*कक्षा-७*

# दोस्रो संस्करणको राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा दोस्रो संस्करणको खुला राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुने भएको छ। क्रियटिभ तेक्वान्दो डोजाङको आयोजनामा माघ १६ र १७ गते हेटौंडा-१७, हटियामा दोस्रो संस्करणको खुला राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुने भएको हो।

२ दिनसम्म सञ्चालन हुने प्रतियोगितामा महिला र पुरुष खेलाडीहरुको सहभागिता रहनेछ। प्रतियोगितामा केरोगी (फाइट) विधामा पुरुषतर्फ १८ केजीदेखि ६२ केजी तौल समूहसम्मका खेलाडीहरुको सहभागिता रहनेछ। महिलातर्फ २१ केजीदेखि ५५ केजी तौल समूहसम्मका खेलाडीहरुको सहभागिता रहनेछ। पुम्से विधामा १२ वर्षदेखि १७ वर्ष उमेर समूहसम्मका खेलाडीहरुको सहभागिता रहनेछ।

तेक्वान्दोका खेलाडीहरु उत्पादन गर्न, खेलाडीको कला प्रदर्शन गर्न र तेक्वान्दो खेलको विकास गर्नका लागि पुम्से र केरोगी विधामा प्रतियोगिता आयोजना गर्न लागेको बताइएको छ। प्रतियोगितामा देशका विभिन्न डोजाङबाट आउने खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्रदान गरिने छ भने विजेता र उपविजेता टिमलाई पनि ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने।

प्रतियोगिता आयोजनाका लागि बागमती प्रदेश खेलकुद विकास परिषद् र हेटौंडा उपमहानगरपालिकाको सहयोग रहनेछ। प्रतियोगितामा हटिया खेलकुद विकास समिति र मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिको पनि सहकार्य रहनेछ।

पहिलो संस्करणको तेक्वान्दो प्रतियोगिताको उपाधि काठमाडौंको चन्द्रागिरी तेक्वान्दो डोजाङले जितेको थियो भने आयोजक क्रिएटिभ तेक्वान्दो डोजाङ उपविजेता बनेको थियो। किरण तेक्वान्दो डोजाङ तृतीय भएको थियो। चन्द्रागिरी डोजाङले ११ स्वर्ण, १० रजत र १२ काँस्य पदक जितेको थियो। अयोजकले ५ स्वर्ण, १२ रजत र १४ काँस्य पदक जितेको थियो भने किरण तेक्वान्दो डोजाङले ४ स्वर्ण, ७ रजत र ४ काँस्य पदक जितेको थियो। गत वर्षको प्रतियोगितामा ३ सय जनाभन्दा बढी खेलाडीहरुको सहभागिता रहेको थियो।

# हेटौंडा-४ मा दोस्रो वडा खेलकुद महोत्सव हुने



समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा दोस्रो वडा खेलकुद महोत्सव हुने भएको छ। आइतबार पत्रकार भेटघाट कार्यक्रममा राष्ट्रको लागि खेलकुद, स्वास्थ्यको लागि खेलकुद भन्ने मुल नारासहित माघ ९ गतेबाट खेलकुद महोत्सव गर्न लागिएको बताइएको छ।

हेटौंडा-४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलले ४ वटा विधामा नगरस्तरीय, २ वटा विधामा जिल्लास्तरीय र अन्य वडास्तरीय गरेर २६ विधामा प्रतिस्पर्धा हुने जानकारी दिनुभयो। माघ ९ गते नवोदय शिशु सदनको व्यवस्थापनमा कक्षा-१० सम्मका विद्यार्थीबीच हाजिरीजवाफ प्रतियोगिता हुनेछ। जसमा प्रत्येक विद्यालयबाट ३/३ जना विद्यार्थी सहभागी हुन पाउने अध्यक्ष सिग्देलले जानकारी दिनुभयो।

माघ १३ गते आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा वक्तृत्वकला प्रतियोगिता हुनेछ भने १४ गते सत्यम् जेभियर्स बोर्डिङ स्कूलको व्यवस्थापनमा वादविवाद प्रतियोगिता हुनेछ। यस्तै, माघ १५ गते श्रमिक माध्यमिक विद्यालयको व्यवस्थापनमा नेपाली हिज्जे प्रतियोगिता हुनेछ। जसमा प्रत्येक विद्यालयबाट २/२ जना विद्यार्थी सहभागी हुन पाउनेछन्।

माघ १५ गते नै शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को व्यवस्थापनमा शिक्षक तथा विद्यालय कर्मचारीबीच जिल्लास्तरीय शिक्षक दौड प्रतियोगिता हुने वडाध्यक्ष सिग्देलले बताउनुभयो। सोही दिन शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा महिला शिक्षकबीच स्लो स्कुटी प्रतियोगिता गरिने समितिका संयोजक श्रीराम दाहालले जानकारी दिनुभयो।

२४ गते ब्रह्मदिक् एकेडेमीको व्यवस्थापनमा कविता प्रतियोगिता हुनेछ। माघ २५ गते भूटनदेवी माध्यमिक विद्यालयको व्यवस्थापनमा निबन्ध लेखन प्रतियोगिता हुने उहाँले बताउनुभयो। जसमा २/२ जना विद्यार्थी सहभागी हुन पाउनेछन्। २५ र २६ गते शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा शिक्षक र ४ नम्बर वडाबीच ५ ए साइड फुटबल प्रतियोगिता हुनेछ।

फागुन २ गते छात्र/छात्राबीच १०० मिटर, २०० मिटर, ४०० मिटर, ८०० मिटर र १५०० मिटरको दौड प्रतियोगिता हुने वडा अध्यक्ष सिग्देलले बताउनुभयो। ४ गुणा १०० मिटर मिक्स रिले दौड, छात्र/छात्राको लङ्गजम्प, ट्रिपलजम्प र सटपुट थ्रो प्रतियोगिता हुनेछ। १०० मिटर दौड, रिले दौड र लङ्गजम्प प्रतियोगिता जुनियर तह (कक्षा-५) सम्मका छात्र/छात्रा र सिनियर तह (कक्षा ६-१०) सम्मका छात्र/छात्राका लागि अलग-अलग हुने बताइएको छ। एथ्लेटिक्सका अन्य प्रतियोगितामा भने सिनयर तहका विद्यार्थीले प्रतिस्पर्धा गर्नेछन्।

फागनु ३ गते आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको आयोजनामा भलिबल प्रतियोगिता, श्रमिक माध्यमिक विद्यालयको आयोजनामा ७ 'ए' साइड फुटबल प्रतियोगिता र भूटनदेवी माध्यमिक विद्यालयको आयोजनामा क्रिकेट प्रतियोगिता हुनेछ। यी तीनवटै प्रतियोगितामा हेटौंडा उपमहानगर पालिकाका विद्यालयबाट विद्यार्थीको टिम सहभागी हुनसक्ने उहाँले जानकारी दिनुभयो। फागुन ५ गते सत्यम् जेभियर्स स्कूलको व्यवस्थापनमा महिला शिक्षकबीच टग अफ वार प्रतियोगिता हुनेछ। सोही दिन नवोदय शिशु सदनको आयोजनामा विद्यार्थीबीच नगरस्तरीय बास्केटबल प्रतियोगिता हुनेछ। यस्तै, फागुन १६ र १७ गते शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता हुने बताइएको छ।

४ नम्बर वडामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयबीच प्रतिस्पर्धामार्फत् शैक्षिक गुणस्तर सुधार एवम् विद्यार्थीको सिर्जनशील प्रतिभा उजागर गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागेको वडा अध्यक्ष सिग्देलले बताउनुभयो। यस्ता कार्यक्रमबाट विद्यार्थीको शारीरिक तथा बौद्धिक विकासमा सहयोग पुग्नुका साथै विद्यार्थीमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न सहयोग पुग्ने उहाँको भनाइ छ। प्रतियोगितामा विजेताहरुलाई फागुन ७ गते प्रमाणपत्र, शिल्ड र मेडल प्रदान गरिने उहाँले जानकारी दिनुभयो।

## हेटौंडाका सुकलाल गाँजासहित बीरगन्जबाट पक्राउ

समाज संवाददाता

हेटौंडा : पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-१९ बर्वाबाट एक सय ९५ किलो अवैध लागुऔषध गाँजासहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्ने हेटौंडा-१२, रमनटारका ३६ वर्षीय सुकलाल महर्जन रहेको प्रहरीले जनाएको छ।

ईलाका प्रहरी कार्यालय पोखरीयाबाट खटिएको प्रहरीले बा प्र ०३-००१ ख ३५८७ नम्बरको ट्रकबाट गाँजा 'अनलोड' गरी परालको थुप्रोमा लुकाइछिपाइ भाग्ने क्रममा शनिबार राती ट्रक चालक सुकलाललाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

## राप्रपाको अधिवेशन गर्न निर्देशन

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीको मकवानपुर जिल्ला अधिवेशन गर्न निर्देशन दिनुभएको छ। शनिबार बाराको जीतपुर सिमरा उपमहानगरपालिकाको अधिवेशन उद्घाटन गर्न जाने क्रममा हेटौंडा आउनु भएका अध्यक्ष लिङ्देनले कार्यकर्ता भेटघाट तथा पत्रकार सम्मेलनमा जिल्ला अधिवेशन गर्न निर्देशन दिनुभएको जिल्ला युवा संयोजक किशोर खत्रीले जानकारी दिनुभयो।

अध्यक्ष लिङ्देनले नेता, कार्यकर्ताहरुलाई संगठन निर्माणमा ध्यान दिन पनि निर्देशन दिनुभएको संयोजक खत्रीले बताउनुभयो। कार्यक्रममा राप्रपा कार्यकर्ताले नेपाली कांग्रेससँगको गठबन्धनको कुरा उठाएपछि अध्यक्ष लिङ्देनले कांग्रेससँग गठबन्धन असम्भव भएको बताउनुभयो।

कार्यक्रम राप्रपा मकवानपुरका अध्यक्ष शिवराम थापाको सभाध्यक्षतामा भएको थियो। कार्यक्रममा मकवानपुर क्षेत्र नम्बर दुईका सांसद दीपकबहादुर सिंह र पार्टीका केन्द्रीय सदस्यहरु खुस्बु ओली, सुष्मा मिश्र, रामबहादुर थोकर र रामहरि न्यौपानेको उपस्थिति रहेको थियो।

## नाच्ने क्रममा रिसालको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका-८, कोशीपारी बगरमा एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ललितपुर महानगरपालिका-२५ बस्ने ४५ वर्षीय पंकजमणि रिसाल रहेको प्रहरीले जानकारी दिएको छ।

शनिबार दिउँसो ४ बजेर ३० मिनेटको समयमा रिसाल नाच्ने क्रममा एक्कासी बेहोस भई ढलेका थिए। रिसाललाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा साँझ ६ बजेर २० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# साइकल सिटी हेटौंडाको अध्यक्षमा ढकाल



समाज संवाददाता

हेटौंडाः साइकल सिटी हेटौंडाको अध्यक्षमा लेखनाथ ढकाल चयन हुनु भएको छ। शनिबार भीमफेदी गाउँपालिका-१, भैंसेमा भएको साधारण सभा तथा वनभोज कार्यक्रमबाट ढकालको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरिएको छ।

साइकल सिटीको उपाध्यक्षमा प्रदिप थापा र महासचिव रामप्रसाद फुँयाल चयन हुनुभएको छ। सचिवमा रनिश मानन्धर र कोषाध्यक्षमा मंगल सिंह तामाङ चयन हुनुभएको छ। यस्तै सदस्यमा पृथ्वी रायमाझी, राजिप ठाकुर, नवीन श्रेष्ठ, मुना गिरी, गोपाल थापा र सञ्जु श्रेष्ठ चयन हुनुभएको छ। साधारण सभा तथा वनभोज कार्यक्रमकै अवसरमा दीपक खड्काको संयोजकत्वमा ६ सदस्यीय सल्लाहकार समिति गठन गरिएको छ। सल्लाहकार समितिको सदस्यमा रामकुमार श्रेष्ठ, जयराम चौलागाई, सुरेश स्याङ्बो, दीपक सुवेदी, केवल बानियाँ र चन्द्र मानन्धर हुनुहुन्छ।

साइकल संस्कृतिको विकासका लागि दीपक खड्काको संयोजकत्वमा साइकल सिटी हेटौंडाको तदर्थ समिति गठन गरिएको थियो। तदर्थ समितिका संयोजक खड्काको सभाध्यक्षमा तथा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको प्रमुख आतिथ्यमा साधारण सभा तथा वनभोज कार्यक्रम भएको हो। उद्योग वाणिज्य संघका अध्यक्ष रानाभाटले साइकल सिटी हेटौंडाले चालेको ३ खम्बे नीति स्वास्थ्य, सरसफाइ, मनोरञ्जन सदैव साथ दिने विश्वास दिलाउनुभयो।

# १३ जना फरार प्रतिवादी पक्राउ

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले १३ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ। मकवानपुर जिल्ला अदालतबाट फैसला कार्यान्वन अन्तर्गत वरदातपश्चात् विभिन्न मुद्दामा फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय मकवानपुर र मातहतबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा आइतबार फरार प्रतिवादीहरु पक्राउ गरी आवश्यक कारबाहीका लागि जिल्ला अदालतमा दाखिला गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका सूचना अधिकारी एवम् प्रवक्ता श्यामु अर्यालले जानकारी दिनुभएको छ।

प्रहरीले धादिङ जिल्ला गजुरी गाउँपालिका-८, किरणचोक बस्ने ३० वर्षीय अनिल भन्ने केशबबहादुर तामाङलाई पक्राउ गरेको छ। उनी लागूऔषध अफिमको मुद्दामा फरार रहेका थिए। उनलाई मकवानपुर जिल्ला अदालतले १५ वर्ष कैद र ५ लाख रुपैयाँ जरिवान हुनेगरी फैसला सुनाएको थियो।

यस्तै लुटपाट मुद्दामा फरार रहेका मकवानपुरको बकैया गाउँपालिकाका ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेका सुन्दर सिंह मोक्तानलाई ९ सय ३० रुपैयाँ, सुवास सिंह गोलेलाई १ हजार ८ सय ३० रुपैयाँ, जीतबहादुर गोलेलाई ९ सय ३० रुपैयाँ, मने मुक्तानलाई ९ सय ३० रुपैयाँ, रामलाल गोलेलाई ९ सय ३० रुपैयाँ र मंगल सिंह मोक्तानलाई ९ सय रुपैयाँ जरिवाना हुनेगरी सजाय तोकिएको थियो।

कुटपिटबाट गर्भपतन गरेको मुद्दामा जरिवाना तोकिएका ५ जना प्रतिवादीलाई पनि प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा जनही ९ सय ३० रुपैयाँ जरिवाना तोकिएका गणेशबहादुर मोक्तान र आइते सिंह मुक्तान छन्। यस्तै, जनही २ सय रुपैयाँ जरिवाना तोकिएका मकवानपुरगढी गाउँपालिकाका मञ्जु हुमागाईं, भागिरथी हुमागाईं र देवकी तिमल्सिना पनि पक्राउ परेका हुन्।

प्रहरीले चेक अनादरको मुद्दामा फरार रहेका हेटौंडा-१६ का सुरेश आचार्यलाई पनि पक्राउ गरेको छ। आचार्यलाई ५ सय रुपैयाँ जरिवाना हुनेगरी अदालतले फैसला सुनाएको थियो।

के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्
- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

अध्यक्ष नवराज घिमिरे एवम्
नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार
हेटौंडा-४, मकवानपुर

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।


- तह पद : बजार प्रतिनिधि (Sales Man)
- संख्या : ६ जना ।
- उमेर : १८ वर्ष पुरा भएको ।
- शैक्षिक योग्यता : साधारण लेखपढ ।
- आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- निवेदन दस्तुर : रु. ५००/-
- सेवा सुविधा : १५,०००/- देखि १,००,०००/-



सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ